जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १७४ ❑ २०८३ असार १९ गते शुक्रबार ❑ Friday, 3 July, 2026 ❑ मूल्य ७ /-



**बर्डफ्लुले उजाडिँदै किसानका सपना (३)**

✍ विश्वनाथ खरेल

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९




## विष्णु पौडेल थप ६ दिन थुनामा

**दमक/** विशेष अदालतले सम्पत्ति शुद्धीकरण कसुरमा पक्राउ परेका नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेललाई थप ६ दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ । विशेष अदालतका न्यायाधीश हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले अनुसन्धानका लागि थप तीन दिन म्याद थपको अनुमति दिएको हो । पौडेल सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा असार ८ गते सुर्खेतबाट पक्राउ परेका थिए । विशेष अदालतको आदेशमा थुनामा रहेका पौडेलको बन्दीप्रत्यक्षीकरण रिटमा आजै सर्वोच्च अदालतमा सुनुवाइ भइरहेको छ ।

## पत्रकार भण्डारी पक्राउ

**दमक/** पत्रकार खेम भण्डारी पक्राउ परेका छन् । जिल्ला प्रहरीले बिहीबार भण्डारीलाई अदालतको फैसला कार्यान्वयनका लागि पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) टेकबहादुर रावतका अनुसार भण्डारीविरूद्ध गालीगलौजसम्बन्धी मुद्दा अदालतसम्म पुगेको थियो । उक्त मुद्दामा अदालतले एक महिना ७ दिन कैद सजाय र जरिवानाको फैसला गरेको थियो । डीएसपी रावतले अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा भण्डारीलाई पक्राउ गरिएको जानकारी दिए ।

### सरकारका १०० दिन

# अर्थतन्त्र सुधारको दावी

✍ खगेन्द्र कार्की

**दमक/** सरकार गठन भएको पहिलो १०० दिनमै अर्थतन्त्रमा सुधारका प्रारम्भिक संकेत देखिन थालेको सरकारको दाबी छ । राजस्व संकलनमा वृद्धि, निजी क्षेत्रको विश्वास पुनःस्थापना, वैदेशिक लगानीका लागि सकारात्मक वातावरण तथा दातृ निकायको भरोसा बढ्दै गएको जनाउँदै सरकारले आर्थिक पुनरूत्थानलाई तीव्र गतिमा अघि बढाएको जनाएको छ । यही क्रममा सरकारले ल्याएको आर्थिक विधेयक २०८३ का नयाँ कर नीति, छुट तथा सहुलियतबारे व्यवसायीलाई जानकारी गराउन दमकमा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक पुनरूत्थानलाई 'मिसन मोड'मा अघि बढाउँदै पुराना तथा अव्यवहारिक कानुन संशोधन, कर प्रणाली सुधार, डिजिटल सेवा विस्तार र प्रशासनिक खर्च नियन्त्रणलाई प्राथमिकतामा राखेका छन् । सरकारले आगामी पाँचदेखि सात वर्षभित्र नेपालको अर्थतन्त्र १०० अर्ब अमेरिकी डलरभन्दा माथि पुऱ्याउने लक्ष्य राख्दै ऊर्जा, कृषि, पर्यटन, सूचना प्रविधि, पूर्वाधार तथा संस्थागत सुधारमार्फत वार्षिक ७ प्रतिशत आर्थिक वृद्धि र प्रतिव्यक्ति आय ३ हजार अमेरिकी डलर पुऱ्याउने रणनीति अघि सारेको छ । बजेटले सुशासन, आर्थिक पुनरुत्थान, पूर्वाधार विकास, सामाजिक लगानी र पर्यटनलाई पाँच प्रमुख प्राथमिकताका रूपमा अघि बढाएको छ ।

सरकारका अनुसार पहिलो १०० दिनमा नागरिक सहभागितामार्फत बजेट निर्माण, ई-पेन्सन प्रणाली, सरकारी कर्मचारीलाई १५-१५ दिनमा तलब भुक्तानी, कर प्रशासनको डिजिटल रूपान्तरण तथा केन्द्रीय बिजक अनुगमन प्रणाली लागू गरिएको छ । तीन लाखभन्दा बढी पेन्सनधारीलाई घरबाटै सेवा उपलब्ध गराइएको छ भने सरकारी खर्च नियन्त्रणका लागि इन्धन सुविधा कटौतीसहित मितव्ययिताको नीति अपनाइएको छ । मध्यपूर्वमा बढ्दो तनावका कारण रेमिट्यान्स, पेट्रोलियम पदार्थ र रासायनिक मल आपूर्तिमा पर्न सक्ने प्रभावलाई मध्यनजर गर्दै सरकारले भन्सार बाँकी ४ पेजमा ▸▸

## दमकमा करसम्बन्धी अनुशिक्षण




**दमक/** नयाँ आर्थिक तथा कर नीतिबारे व्यवसायीलाई जानकारी गराउने उद्देश्यले दमक उद्योग वाणिज्य संघको आयोजनामा तथा आन्तरिक राजस्व कार्यालय दमकको सहकार्यमा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा उद्योगी, व्यवसायी, विभिन्न वस्तुगत संघका प्रतिनिधि तथा करदाताको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता दमक उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष भगवान बस्नेतले गरेका थिए भने प्रमुख अतिथि आन्तरिक राजस्व कार्यालय दमकका कार्यालय प्रमुख सूर्यबहादुर कुँवर रहेका थिए । बाँकी ४ पेजमा ▸▸

## झापाका पुनर्स्थापना केन्द्रमा आठ सय बढी युवा लागूऔषध दुर्व्यसनको उपचारमा

**दमक/** झापाका २७ वटा पुनर्स्थापना केन्द्रमा हाल ८४५ जना युवा लागूऔषध दुर्व्यसनबाट मुक्त हुन उपचाररत् रहेका छन् । भारतसँगको खुला सीमाका कारण जिल्लामा लागूऔषध दुर्व्यसनको समस्या बढ्दो क्रममा रहेको भन्दै जिल्ला प्रशासन कार्यालयले यसको नियन्त्रण र पुनर्स्थापनामा थप ध्यान दिनुपर्ने आवश्यकता औंल्याएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार झापामा हाल २७ वटा पुनर्स्थापना केन्द्र अद्यावधिक छन्। तीमध्ये बिर्तामोडमा सबैभन्दा बढी २२३ जना उपचाररत् छन्। त्यस्तै मेचीनगरमा १७८, शिवसताक्षीमा १०५, दमकमा ८९, कनकाईमा ८२, कमलमा ७३, अर्जुनधारामा ५५ र बुद्धशान्तिमा ४० जना युवा उपचार गराइरहेका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईका अनुसार जिल्लामा मेचीनगर र बिर्तामोडमा छ-छ वटा पुनर्स्थापना केन्द्र सञ्चालनमा छन् । शिवसताक्षीमा चार, दमक र कनकाईमा तीन-तीन, अर्जुनधारा र कमलमा दुई-दुई तथा बुद्धशान्तिमा एउटा केन्द्र सञ्चालनमा रहेको छ ।

भारतसँगको खुला सीमाका कारण झापामा लागूऔषधको ओसारपसार र प्रयोग बढ्दै गएको छ । प्रहरीले सीमा नाका, बजार क्षेत्र तथा ग्रामीण बस्तीबाट लागूऔषधसहित युवालाई नियमित रूपमा पक्राउ गरिरहेको छ ।

मेचीनगर-६ काँकडभिट्टास्थित नवयात्रा पुनर्स्थापना केन्द्रका सञ्चालक भीमप्रसाद लुइँटेलले आफ्नो केन्द्रमा हाल बाँकी ४ पेजमा ▸▸

## राष्ट्रिय विज्ञापन नीति स्वीकृत, भ्रम छरे क्षतिपूर्ति

**दमक/**मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी र आधुनिक प्रविधिअनुकूल बनाउने उद्देश्यसहित सरकारले 'राष्ट्रिय विज्ञापन नीति, २०८३' स्वीकृत गरेको छ । स्वीकृत गरेको उक्त नीतिले परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, इन्फ्लुएन्सर मार्केटिङ तथा कृत्रिम बौद्धिकता (एआई) को प्रयोगबाट हुने विज्ञापनलाई समेत नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकता औंल्याएको छ ।

सरकारले विज्ञापन बजारमा बढ्दो अन्तर्राष्ट्रिय प्रतिस्पर्धा, बहुराष्ट्रिय कम्पनीको प्रभाव, डिजिटल प्रविधिको तीव्र विस्तार तथा उपभोक्तालाई सही सूचना उपलब्ध गराउने आवश्यकतालाई ध्यानमा राख्दै नयाँ नीति ल्याएको हो । नीतिमा स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, विज्ञापन क्षेत्रबाट रोजगारी सिर्जना, राजस्व वृद्धि, उपभोक्ताको अधिकार संरक्षण तथा अश्लील, हिंसात्मक, लैङ्गिक विभेदपूर्ण र बालबालिकामाथि नकारात्मक असर पार्ने सामग्री नियन्त्रण गरिने उल्लेख छ । साथै तथ्यहीन र भ्रामक विज्ञापनलाई कारबाहीको दायरामा ल्याउने तथा त्यसबाट उपभोक्तालाई क्षति पुगे क्षतिपूर्तिको व्यवस्था गर्ने गरिने पनि नीतिमा उल्लेख छ ।

सरकारले आगामी पाँच वर्षभित्र कुल गार्हस्थ उत्पादन (जीडीपी) मा विज्ञापन क्षेत्रको योगदान उल्लेख्य वृद्धि गर्ने लक्ष्य लिएको बाँकी ४ पेजमा ▸▸

## कोशी प्रदेशसभा बैठक पुनः स्थगित

**दमक/** बजेट प्रस्तुत भएयता कोशी प्रदेशसभाको बैठक लगातार तेस्रो पटक स्थगित हुन पुगेको छ। कोशी प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेटमाथि चुलिएको विवाद सुल्झिन नसक्दा आजका लागि बोलाइएको प्रदेशसभा बैठक पुनः स्थगित भएको हो। सत्तापक्षबीच नै बजेट संशोधनको मोडालिटीमा सहमति जुट्न नसकेपछि बैठक फेरि स्थगित गरिएको हो। बजेट असन्तुलित, मन्त्री केन्द्रित र वितरणमुखी भएको भन्दै सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसकै असन्तुष्ट सांसदहरूले संसद चल्न नदिने अडान राखेपछि उत्पन्न गतिरोध अन्त्यका लागि ६ सदस्यीय संयुक्त कार्यदल बनाइएको थियो। तर, उक्त कार्यदलले पनि समयमै ठोस सहमति जुटाउन सकेन।

## जनआदर्श माविमा तीन तले भवन शिलान्यास

**झापा/** झापाको शिवसताक्षी नगरपालिका-६ शिवगञ्जस्थित जनआदर्श माध्यमिक विद्यालयमा भारत सरकारको आर्थिक सहयोगमा निर्माण हुन लागेको तीन तले १८ कोठे आधुनिक विद्यालय भवनको बुधबार शिलान्यास गरिएको छ । नेपालस्थित भारतीय राजदूतावासको आर्थिक सहयोगमा निर्माण हुने भवनको शिलान्यास कोशी प्रदेशसभा सदस्य राधाकृष्ण खनाल, भारतीय राजदूतावासकी द्वितीय सचिव गरिमा नौटियाल, शिवसताक्षी नगरपालिकाका नगरप्रमुख मेगाहाङ थोप्रा, उपप्रमुख नरमाया कार्की तथा प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्बाहाङफेलगायतले संयुक्त रूपमा गरेका थिए ।

निर्माण हुने भवन तीन तले हुनेछ। प्रत्येक तलामा ६ वटा गरी कुल १८ वटा कक्षाकोठा रहनेछन्। भवन निर्माण मापदण्डअनुसार प्रत्येक कक्षामा ४५ बाँकी ४ पेजमा ▸▸

## अघिल्लो वर्षको तुलनामा पर्यटक आगमन बढ्यो

**दमक/** अघिल्लो वर्षको तुलनामा पर्यटक आगमनमा बृद्धि भएको छ । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको अध्यागमन विभागको तथ्यांकअनुसार जुनमा हवाई मार्गबाट आउने पर्यटकमा गत वर्षको तुलनामा १९ दशमलव ५ प्रतिशत वृद्धि भएको हो । यो संख्या गत वर्षको सोही महिनाको ७६ हजार ४२५ जनाले नेपाल भ्रमण गरेका थिए । सन् २०२६ को जुन महिनामा ९१ हजार ३६३ विदेशी पर्यटक भित्रिएका छन् ।

कोभिड-१९ महामारीअघि सर्वाधिक पर्यटन गतिविधि रहेको सन् २०१९ को जुन महिनाको ७४ हजार ८८३ आगमन भएको थियो । त्यसको आधारमा पनि यस वर्षको जुन महिनामा २२ दशमलव ०१ प्रतिशतले वृद्धि भएको हो ।

जुन महिनामा नेपाल आउने पर्यटकमध्ये सबैभन्दा धेरै दक्षिण एसियाली (सार्क) मुलुकबाट ४८ हजार २५४ जना आएका छन् । जुन कुल आगमनको ५२ दशमलव ८ प्रतिशत हिस्सा हो । मुख्य स्रोत बजारमध्ये भारतबाट ४१ हजार ८०९ जना पर्यटक आएका छन् ।

एसियाली मुलुकबाट १६ हजार १५२ पर्यटक नेपाल आएका छन्, जुन कुल आगमनको १७ दशमलव ६८ प्रतिशत हो । जसमा चीनबाट ८ हजार ८७५ पर्यटक आगमन भएको छ भने जापानबाट २ हजार ४९७, दक्षिण कोरियाबाट १ हजार ७६५ तथा थाइल्यान्डबाट बाँकी ४ पेजमा ▸▸

## प्रहरीले हटायो झापाका २४ वटा गाडीको कालो सीसा

**दमक/** आपराधिक गतिविधि नियन्त्रण तथा सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै कालो सीसा प्रयोग गर्ने गाडीविरूद्ध कारबाही थालिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

झापामा दुई दिनमा २४ वटा चार पांग्रे गाडीको कालो सीसा निकालिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक सन्तोष राईले बताए । उनले मंगलवार १५ वटा र बुधवार ९ वटा गाडीको कालो सीसा निकालिएको जानकारी दिए । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ अनुसार सवारीधनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रंग, सिट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी सवारीमा हेरफेर गर्न नपाइने व्यवस्था गरिएको छ ।

कालो सीसा प्रयोग गरेर हतियार, लागूऔषध, सुन तथा अवैध मुद्राको ओसारपसार गर्ने तथा फरार अपराधीहरु लुकिछिपी हिँड्ने गरेको पाइएपछि प्रहरीले कडाइ गरेको हो । त्यस्तै विभिन्न हिंसाजन्य र दुर्व्यवहारका घटनाहरु बढ्न थालेका थिए ।

## छथर जोरपाटीले बजेट ल्याउनै सकेन

**धनकुटा/** अधिकांश स्थानीय तहले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट सार्वजनिक गरिसक्दा धनकुटाको छथर जोरपाटी गाउँपालिकाले भने अझै बजेट ल्याउन सकेको छैन । गाउँपालिकामा शिक्षक तथा बालविकास सहजकर्ताको सरुवा विवादका कारण बजेट प्रस्तुत गर्ने प्रक्रिया प्रभावित भएको हो ।

शिक्षक तथा बालविकास सहजकर्ताको सरुवासम्बन्धी विवाद अदालतसम्म पुगेपछि गाउँपालिकाको प्रशासनिक काम प्रभावित भएको छ । असार १० गते नै बजेट पेस गर्ने तयारी पूरा भइसके पनि शिक्षक सरुवासम्बन्धी मुद्दाको सुनुवाइका बाँकी ४ पेजमा ▸▸

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमक झापाको

**सार्वजनिक सुनूवाई सम्बन्धी सूचना**

दमक नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा भए गरेका काम, कारवाही, सेवा प्रवाह लगायतका विषयमा तपसिलको मिति, स्थान र समयमा दोस्रो अर्धबार्षिक सार्वजनिक सुनूवाई कार्यक्रम आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा उपस्थिति भइदिनुहुन सम्पुर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, सार्वजनिक सेवा प्रवाह गर्ने सवै कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, गैरसरकारी संघसस्था, टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उपभोक्ता समिति, स्थानीय बुद्धिजीवीहरु, स्थानीय सुरक्षा निकाय, नागरिक समाज, पत्रकार तथा सम्पुर्ण नगरवासी र सरोकारवालाहरु सम्बन्धित सबैमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**सार्वजनिक सुनूवाई हुने मिति, स्थान र समय**

- मिति: २०८३/०३/१९ गते शुक्रवार
- समय: दिनको १ बजे
- स्थान: दमक नगरपालिकाको प्राङ्गण

# सम्पादकीय

## मिडिया बचाउनु राज्यको दायित्व

कोशी प्रदेशमा दर्ता भएका १२९ एफएम रेडियोमध्ये ४४ वटाको प्रसारण पूर्ण रुपमा बन्द भइसकेको तथ्य सार्वजनिक हुनु लोकतान्त्रिक समाजका लागि निकै दुःखद र गम्भीर घण्टी हो । नेपाल पत्रकार महासंघ कोशी प्रदेशले विराटनगरमा आयोजना गरेको मिडिया सम्मेलनमा प्रस्तुत प्रतिवेदनले मोफसलको पत्रकारिता कतिसम्म भयावह मोडमा आइपुगेको छ भन्ने ऐना देखाएको छ ।

आर्थिक मन्दी, घट्दो विज्ञापन बजार र डिजिटल माध्यमको तीव्र लहरका बीच राज्यको नीतिगत उपेक्षा हुनु नै यो संकटको मुख्य कारण हो । १६ वटा सामुदायिक सहित ४४ वटा रेडियोको आवाज सधैंका लागि बन्द हुनु केवल एउटा व्यवसाय बन्द हुनु होइन, नागरिकको सुसूचित हुने संवैधानिक अधिकारमाथि नै गम्भीर धक्का लाग्नु हो ।

विगतमा देशका हरेक राजनीतिक र सामाजिक रुपान्तरणमा रेडियो र स्थानीय सञ्चार माध्यमहरुले खेलेको भूमिका अतुलनीय छ । दुर्गमका कुना-कन्दरासम्म चेतनाको दियो बाल्ने, बाढी-पहिरो जस्ता विपद्मा सूचनाको एक मात्र सहारा बन्ने र स्थानीय सरकारलाई जवाफदेही बनाउने यिनै एफएम रेडियोहरु हुन् । आज तिनै सञ्चार माध्यमहरु आर्थिक संकटको चक्रव्यूहमा फसेर छटपटाइरहँदा तीनै तहका सरकारहरु मूकदर्शक बन्नु लज्जास्पद विषय हो । ७ वटा टेलिभिजन र ८६ वटा नियमित पत्रपत्रिकाहरु पनि अहिले कतिखेर बन्द हुने हो भन्ने त्रासमा बाँचेका छन् । मोफसलको पत्रकारिता यसरी नै कोमामा जाने हो भने समाज फेरि अन्धकार र निरंकुशतातर्फ धकेलिने खतरा रहन्छ ।

मिडिया लोकतन्त्रको ऐना हो । जब राज्यमा सञ्चार माध्यमहरु धमाधम बन्द हुन थाल्छन्, तब बुझ्नुपर्छ । लोकतन्त्रको मुटु बिस्तारै कमजोर हुँदैछ । मिडियालाई बचाउनु सरकारको दया होइन, लोकतान्त्रिक दायित्व हो । राज्यले सञ्चार माध्यमलाई संरक्षण गर्न विशेष आर्थिक राहत प्याकेज, सहुलियतपूर्ण ऋण, रोयल्टी र नवीकरण शुल्कमा छुट तथा 'समानुपातिक विज्ञापन नीति' को कडा कार्यान्वयन गर्नुपर्थ्यो । तर, नीतिगत सहयोगको अभावमा मोफसलका पत्रकार र सञ्चार उद्यमीहरु पलायन हुन बाध्य भइरहेका छन् ।

मिडिया बन्द हुनु भनेको राज्यको एउटा बलियो खम्बा ढल्नु हो । त्यसैले, सरकारले यसलाई एउटा व्यापारिक संस्था बन्द भएको सामान्य घटनाका रुपमा लिने भूल नगरोस् । कोशी प्रदेश सरकार र संघीय सरकारले तुरुन्तै यो संकटलाई सम्बोधन गर्न विशेष कार्यदल गठन गरी अल्पकालीन र दीर्घकालीन उद्धारका योजनाहरु ल्याउनु आवश्यक छ ।

# बर्डफ्लुले उजाडिँदै किसानका सपना



विश्वनाथ खरेल

नेपाल एउटा कृषिप्रधान देश हो । बहुसंख्यक नागरिकको जीवन खेतीपाती र पशुपालनमा अडिएको छ । पछिल्लो दुई दशकमा नेपालको कृषि क्षेत्रमा सबैभन्दा तीव्र गतिमा व्यावसायिक रूप लिएको र मुलुकलाई आत्मनिर्भरतातर्फ डोऱ्याएको क्षेत्र हो- कुखुरापालन व्यवसाय । सानो लगानीबाट सुरु गरेर लाखौं रुपैयाँ आम्दानी गर्न सकिने, छोटो समयमै प्रतिफल दिने र स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने भएकाले वैदेशिक रोजगारीबाट फर्किएका युवा, साना किसान र महिला उद्यमीहरूका लागि कुखुरापालन एक सपनाको धरोहर बनेको छ ।

जब फार्ममा बर्डफ्लुको भाइरस प्रवेश गर्छ, तब कुखुराहरू एकाएक मर्न थाल्छन् । सरकारले यस्ता किसिमका महामारी नियन्त्रणका नाममा बाँकी रहेका हजारौं स्वस्थ चल्ला र कुखुराहरूलाई जिउँदै खाल्डोमा पुरिदिन्छ । त्यसरी नै दाना, क्रेट र अन्डाहरू नष्ट गरिन्छन् । फार्म सुनसान बन्छ र त्यो सुनसान फार्मको डिलमा बसेर किसान आफ्ना उडिसकेका सपना र थुप्रिएको ऋणको पहाड हेर्दै आँसु बगाउन बाध्य हुन्छन् । बर्डफ्लु केवल एउटा रोग नभएर यो नेपाली किसानको आर्थिक मेरुदण्ड भाँच्ने र उनीहरूको भविष्य उजाड्ने एउटा कहालीलाग्दो बज्रपात बनेको छ ।

नेपालको कृषि क्षेत्रमा पोल्ट्री (कुखुरापालन) उद्योग एउटा महत्वपूर्ण स्तम्भ हो । ब्रोइलर कुखुराको मासु उत्पादनले मात्र ६० अर्बभन्दा बढी योगदान दिँदै छ भने अन्डा र चल्ला उत्पादनले थप आर्थिक गतिविधि चलाउँछ । तर, यही सपना बर्डफ्लु (एभियन इन्फ्लुएन्जा, विशेष गरी एच५एन१) ले बारम्बार उजाडिरहेको छ । सन् २०२६ को सुरुवातदेखि नै नेपालका विभिन्न जिल्लामा फैलिएको यो प्रकोपले हजारौं किसानको मेहनत, लगानी र भविष्यलाई ध्वस्त पारिदिएको छ ।

हालसम्म ४ लाखभन्दा बढी कुखुरा नष्ट गरिएका छन्, १ लाख ७३ हजारभन्दा बढी मरेका छन् । यसका साथसाथै लाखौं अन्डा र टनौं दाना नष्ट भएका छन् । आर्थिक क्षति सयौं करोड पुगेको अनुमान छ । किसानले कुनै सरकारी क्षतिपूर्ति नपाउँदा पूर्ण घाटा बेहोर्नुपरेको छ । यो प्रकोप केवल रोग नभएर किसानको सपना, परिवारको आर्थिक स्थिरता र राष्ट्रिय खाद्य सुरक्षामाथिको हमला पनि हो ।

नेपालमा सन् २००९ मा झापामा पहिलो पटक बर्डफ्लु पुष्टि भएको थियो । त्यसयता प्रायः प्रत्येक वर्ष प्रकोप देखिने गरेको छ । सन् २०२२ को महामारीमा १५ जिल्लामा प्रकोप फैलिएको थियो र ६ लाखभन्दा बढी कुखुरा मारिएका थिए । हेलसिङ्की विश्वविद्यालयले प्रकाशित गरेको एक अध्ययनअनुसार सन् २००९ देखि नेपालमा ३ सय २० भन्दा बढी बर्डफ्लु प्रकोप रेकर्ड भएका छन् र २७ लाखभन्दा बढी चराचुरुङ्गी मारिएका छन् । सोही अध्ययनले नेपालको कमजोर जैविक सुरक्षा, अनौपचारिक सीमापार कुखुरा व्यापार र खोपको सीमित प्रयोगलाई बर्डफ्लुको जोखिम बढाउने मुख्य कारणका रूपमा औंल्याएको छ । त्यसयता ३२० भन्दा बढी आउटब्रेक रिपोर्ट भएका छन् र २७ लाखभन्दा बढी कुखुरा नष्ट भएका छन् । सन् २०१९ मा एक जना मानिसको मृत्यु पनि भएको थियो । नियन्त्रणका लागि मुख्य रूपमा 'स्ट्याम्पिङ आउट' (संक्रमित फ्लक नष्ट गर्ने), मुभमेन्ट रेस्ट्रिक्सन र सर्भेलेन्समा निर्भर रहँदै आएको छ । तर, बायोसिक्युरिटीको कमी, सीमापार अनौपचारिक व्यापार र खोपको सीमित प्रयोगले जोखिम कायमै राखेको छ ।

### नेपालमा पोल्ट्री व्यवसायको आर्थिक महत्व

राष्ट्रको अर्थतन्त्रमा पोल्ट्री क्षेत्रको योगदान अतुलनीय छ । कुनै समय पूर्ण रूपमा आयातमा निर्भर यो क्षेत्र आज देशकै एउटा गौरवपूर्ण आत्मनिर्भर उद्योग बनेको छ । नेपाल पोल्ट्री महासंघ र पशु सेवा विभागको तथ्यांकअनुसार, नेपालको पोल्ट्री क्षेत्रमा हाल १ खर्ब ५० अर्बभन्दा बढीको निजी लगानी भइसकेको छ । देशको कुल उत्पादनमा यस क्षेत्रले करिब ३.५ देखि ४ प्रतिशतसम्म योगदान पुऱ्याउँदै आएको छ भने कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा यसको हिस्सा करिब १५ प्रतिशतको हाराहारीमा छ । पोल्ट्री व्यवसायले प्रत्यक्ष र अप्रत्यक्ष गरी नेपालमा ५ लाखभन्दा बढी मानिसलाई रोजगारी दिएको छ ।

### जोखिम रोकथाम र नियन्त्रणका उपाय

विश्वभर पोल्ट्री, जंगली चरा र स्तनधारी जनावरलाई प्रभावित गरिरहेको छ । अमेरिकामा १६९ मिलियन चरा नष्ट तथा अन्डा खपतमा १४.५ बिलियन डलर अतिरिक्त खर्च गरेको थियो । हाम्रो देशमा सीमापार व्यापार, चराहरूको बसाइँसराइ र कमजोर नियन्त्रणले जोखिम उच्च रहेको छ । त्यसलाई बेलैमा सरकारी स्तरबाट समाधान गर्न सक्नुपर्छ । जंगली चरासँग सम्पर्क न्यूनीकरण, फार्मलाई जालीले घेर्ने, पानीका स्रोत छोप्ने, सफाइमा नियमित डिसइन्फेक्सन, पिपिई प्रयोग, प्रवेश नियन्त्रणमा अनावश्यक मानिस/सवारी रोक्ने, सर्भेलेन्सको लक्षण देखिनासाथ रिपोर्ट सम्बन्धित निकायमा गर्ने, खोप उपलब्ध भए प्रयोग, तर मुख्य रूपमा स्ट्याम्पिङ आउट आदिको प्रयोग गर्न सकिन्छ । सरकारले बर्डफ्लु नियन्त्रण नियमावली २०७८ लागू गरेको छ । तर, कार्यान्वयन कमजोर छ । किसानलाई तालिम, बीमा र क्षतिपूर्ति कोष आवश्यक छ । रोग नियन्त्रण मात्र पर्याप्त छैन । किसानलाई सुरक्षित प्रविधि, बीमा, उचित क्षतिपूर्ति, बजार स्थिरता र प्राविधिक सहयोग पनि आवश्यक छ ।

कुखुरापालन लाखौं नेपाली परिवारको आयस्रोत बनेको छ । त्यसैले बर्डफ्लुलाई केवल पशुरोगको रूपमा होइन, कृषि अर्थतन्त्रको चुनौतीका रूपमा हेर्नुपर्छ । किसानको पसिना र लगानी जोगाउन सके मात्र नेपालको पोल्ट्री क्षेत्र दिगो, सुरक्षित र आत्मनिर्भर बन्न सक्छ । नेपाल सरकारले वन्यजन्तुको सुरक्षा र सूचना प्रवाहमा संवेदनशील नभएको उल्लेख गर्दै चिडियाखानाको प्रमुखको जिम्मेवारी हेरफेर गरिएको बताइएको छ । चिडियाखानामा रहेका जीवजन्तुहरूमा बर्डफ्लु संक्रमण देखिएपछि कोषले असार ५ गतेदेखि नै चिडियाखाना बन्द गरेको छ ।

राष्ट्रमा यसले रोगको प्रभाव कृषिक्षेत्रभन्दा बाहिर पर्यटन, मनोरञ्जन र जनजीवनसम्म फैलिएको स्पष्ट देखाउँछ । बर्डफ्लु देखिएको फार्ममा सम्पूर्ण पन्छी नष्ट गर्नुपर्ने नियम छ । रोग नियन्त्रणका लागि यो आवश्यक कदम भए पनि किसानका लागि भने जीवनभरको लगानी एकै पटक समाप्त हुन सक्छ । एकपटक रोग लागेपछि कम्तीमा तीन महिना नयाँ कुखुरा राख्न मिल्दैन । पुनः बर्डफ्लुको जाँच गरेर पूर्ण रूपमा निःसङ्क्रमण गरेपछि मात्रै कुखुरा पाल्न मिल्ने भएकाले किसान थप क्षति बेहोर्न बाध्य हुनेछन् । यस क्षेत्रका विज्ञहरूका अनुसार रोग नियन्त्रणसँगै प्रभावित किसानलाई राहत, क्षतिपूर्ति र पुनर्स्थापनाको कार्यक्रम प्रभावकारी बनाउन नसके कृषक व्यवसायबाट पलायन हुने जोखिम पनि बढ्ने बताइएको छ । पशुसेवा विभागले किसानलाई फार्ममा जैविक सुरक्षा कडाइका साथ पालना गर्न आग्रह गरेको छ । पुराना अन्डा क्रेट पुनः प्रयोग नगर्न, ढुवानीका साधन निःसङ्क्रमण गर्न, जङ्गली चराचुरुङ्गीबाट घरपालुवा पन्छीलाई सुरक्षित राख्न र स्वास्थ्य प्रमाणपत्रबिना पन्छी ओसारपसार नगर्न सचेत गराइएको छ ।

### निष्कर्ष

बर्डफ्लुले नेपालको कुखुरापालन उद्योगलाई गहिरो चोट पुऱ्याएको छ । सन् २०२६ को महामारीले ११ जिल्लाका हजारौं किसानको वर्षौंको मेहनत र सपना एकैपल्ट उजाडिदिएको छ । यसमा झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलान्चोक आदि जिल्ला रहेका छन् । संक्रमणको गति, क्षतिपूर्तिको अभाव र प्रभावकारी नियन्त्रण उपायको कमीले यो समस्या झन् गम्भीर बन्दै गएको छ । जैविक सुरक्षामा सुधार, सीमा नियन्त्रणमा कडाइ, एक स्वास्थ्य दृष्टिकोणको कार्यान्वयन र किसानलाई तत्काल क्षतिपूर्ति दिनुपर्ने देखिन्छ । सरकार, सरोकारवाला निकाय र किसानहरू सबैको सामूहिक प्रयासले मात्र बर्डफ्लुको यो चुनौतीलाई पार गर्न सकिन्छ । अन्यथा, नेपालको कुखुरापालन उद्योगको भविष्य अन्योलमा पर्ने खतरा छ ।

बर्डफ्लुले नेपालका किसानको सपना उजाड्दै आर्थिक संकट, खाद्य सुरक्षामा चुनौती र सामाजिक असर पुऱ्याएको छ । यसलाई रोक्न कडा बायोसेक्युरिटी, सीमा नियन्त्रण, किसानलाई राहत र वैकल्पिक आयस्रोत आवश्यक छ । बलियो बायोसिक्युरिटी, सरकारी सहयोग र किसानको सचेतनाले यो प्रकोपलाई नियन्त्रण गर्न सकिन्छ । किसानको मेहनतले देशको खाद्य सुरक्षा र अर्थतन्त्र उकासिरहेको छ । उनीहरूलाई संरक्षण गर्नु राष्ट्रिय दायित्व पनि हो ।

# बौरेलान् त कांग्रेस–एमाले ?



राजेश ढुंगाना

नेपालको राजनीतिमा २०८२ सालको जेन्-जेड क्रान्ति एउटा ऐतिहासिक परिघटना रह्यो । यो क्रान्तिले २००३ र २००६ सालदेखिको निरन्तरता दाबी गर्ने स्वघोषित ज्येष्ठ राजनीतिक दलहरूको जग नराम्रोसँग हल्लिएको छ; अझ भनौं- भत्किएको छ । जेन-जी क्रान्तिले विगत ३५ वर्षदेखिको भ्रष्टाचार, अनाचार र राष्ट्र-दोहनलाई अस्वीकरण गर्दै नयाँ सुशासनयुक्त नेपालको बाटो खोलेको छ । २०४८ सालपछि संस्थागत रूपमै स्थापित आर्थिक, मानसिक, सामाजिक भ्रष्टाचार डरलाग्दो भएर गएको थियो । राजनीतिक दलहरू र त्यसका नेतृत्व आफूले जे जति र जस्तोसुकै भ्रष्टाचार र राष्ट्र-दोहन गरे पनि जनताले केही गर्न नसक्ने निश्चिन्त दम्भमा थियो ।

यतिसम्म कि, जेन-जी क्रान्तिको दोस्रो र अन्तिम दिनको अन्तिम क्षण पनि खड्गप्रसाद ओली आन्दोलनलाई गोली हानेर दबाउन उद्यत थिए । यो बेग्लै कुरा हो कि, सेनाले जनता मारेर नेताका घर जल्नबाट बचाउन सकिंदैन भनेर ओलीको आदेश मान्न अस्वीकार गरिदियो । यदि सेनाले ओलीको आदेश मानिदिएको भए अनाहकमा हजारौं मान्छेको ज्यान मात्र जाने थिएन, त्रासदिपूर्ण गृहयुद्धको बीजारोपण पनि हुने थियो । बरू सेनाले जनभावनालाई बुझेर जनाक्रोशबाट तत्कालीन प्रधानमन्त्रीलाई बचाउन हेलिकप्टर उपलब्ध गरायो । र, खड्गप्रसाद ओली जनतासँग सम्पूर्ण पराजित भएर निवास छोडी भागे ।

यो घटना केवल एउटा सरकार जानु र अर्को सरकार आउने सामान्य घटना मात्र थिएन । बरू थियो- नेपालमा सुशासनको नयाँ युगको प्रस्थान बिन्दुको थालनी । २०४८ सालको जननिर्वाचित सरकारपछिको सबै पार्टीका सबै नेताहरूले गरेको चरम राष्ट्र दोहनमा जेन्-जेड क्रान्तिले ब्रेक लगाइदियो । यो कुरा इतिहासमा स्वर्णिम अक्षरले लेखिने छ । त्यसपछि बनेको अन्तरिम सरकारले भ्रष्टाचार चाहिं गरेन । त्यसपछि नै जनतामा राजनीतिप्रति भरोसा जाग्न थालेको छ । त्यसैगरी, वर्तमान सरकारका मन्त्रीहरू पनि भ्रष्टाचारउन्मुख देखिएका छैनन् । कम्तीमा पनि अहिलेसम्म । मुलुकका लागि यो एउटा अत्यन्त ठूलो सकारात्मक पक्ष हो । राजनीतिबाट वाक्कदिक्क र निराश भएका नेपाली जनता अब राजनीतिप्रति आशावान र राजनीतिलाई भरोसा गर्न थालेका छन् ।

कांग्रेस, एमाले, पूर्वमाओवादीले राजनीतिप्रति मारेको जनविश्वासले चरम रूप लिएपछि जनता अति निराश थिए । अब मुलुक बन्दैन कहिल्यै - यो टुङ्गोमा पुगेका थिए । यस्तो हुनु भनेको एउटा राष्ट्रको पतन प्रारम्भ हुनु हो । तर, महान जेन्-जेड क्रान्तिले त्यो हुनबाट रोक्यो ।

वर्तमान सरकार सफल वा असफल जे होला - त्यो आफ्नो ठाउँमा छ । सफल भए राष्ट्रिय स्वतन्त्र पार्टीले अर्को चुनावमा पनि बहुमत हासिल गर्ने नै छ । असफल भए, त्यो त्यतिबेलै हेरौंला । तर, सरकार बनेको १०० दिन पनि नपुग्दै संसद्मा अत्यन्त झिनो उपस्थिति रहेको एमाले, कांग्रेस र पूर्वमाओवादी प्रभृत्ति सरकारविरुद्ध न्वारनदेखिको बल निकालेर लागेका छन् ! त्यति मात्र होइन, सडक तताउने धम्की पनि पो दिंदैछन् त !

तथापि उनीहरूको मृत्युशैयाबाट गरेको त्यो अरण्य रोदनको कुनै अर्थ र तुक छैन । ३५ वर्षसम्म राष्ट्रलाई हर तरहले मिलिजुली चुसेको/लूटेको नेपाली जनताले यति छिट्टै बिर्सन सक्ने कुरा होइन । राष्ट्रलाई कंगाल बनाएर आफू धनी भएकाहरूको यो अरण्य रोदनमा नेपाली जनताले रत्तिभर साथ देलान् भन्ने ठान्नु उनीहरूको मूर्खता हो ।

अर्थात्, निष्कर्षमा भन्नुपर्दा- अबका निकै वर्ष कांग्रेस, एमाले र पूर्वमाओवादीका बिल्लाधारीहरू नेपाली राजनीतिको खेलाडी हुन सक्तैनन्, केवल दर्शक दीर्घाको निरीह दर्शक हुने पक्का छ । त्यसैले अहिले यतिबेलै कांग्रेस-एमाले मृत्युशैयाबाट बौरने कल्पना समेत नगरौं । झन् पूर्वमाओवादीको त चर्चा समेत गर्नु बेकार छ ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



# पूर्वमा पर्यटकीय संरचना निर्माण गरिँदै

**दमक/** भारत तथा तेस्रो मुलुकबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई सीमा नाकामै आकर्षित गर्ने उद्देश्यका साथ पर्यटन कार्यालय झापा, मेचीनगर नगरपालिका र मेची भन्सार कार्यालयको सहकार्यमा परियोजना अघि बढाइएको छ ।

नेपालको पूर्वी मुख्य स्थल नाका काँकडभिट्टामा विदेशी पर्यटकलाई स्वागत गर्न तथा नेपालको सकारात्मक पहिलो छाप दिन पर्यटकीय संरचना निर्माण सुरू गरिएको छ ।

पर्यटन कार्यालय काँकडभिट्टाका प्रमुख छविलाल खतिवडाका अनुसार निर्माणका लागि प्रारम्भिक चरणमा मेचीनगर नगरपालिकाले दुई लाख रूपैयाँ उपलब्ध गराएको छ भने आवश्यक थप बजेट कार्यालयले व्यवस्थापन गरिसकेको छ । उनले चालु आर्थिक वर्षभित्रै विभिन्न संरचना निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको बताए । उनका अनुसार उक्त संरचनाले पूर्वी नाकाको आकर्षण बढाउनुका साथै नेपाल प्रवेश गर्ने पर्यटकमा सकारात्मक पहिलो प्रभाव सिर्जना गर्नेछ ।

संरचना निर्माणपछि पर्यटक केही समय नाकामै रोकिने, तस्बिर खिच्ने, स्थानीय सेवा उपयोग गर्ने र यसबाट स्थानीय अर्थतन्त्रसमेत चलायमान हुने अपेक्षा गरिएको छ ।

करिब २०० मिटर क्षेत्रमा निर्माण भइरहेको उक्त संरचनाभित्र नेपालको मौलिक संस्कृति र राष्ट्रिय पहिचान झल्कने विभिन्न संरचना रहनेछन्। त्यहाँ ३२ वटा नेपाली झण्डा, पर्यटकका लागि आकर्षक 'सेल्फी बुथ' तथा रातको समयमा थप आकर्षण बढाउने 'डिजिटल लाइटिङ'को व्यवस्था गरिनेछ । निर्माणका लागि हाल सो क्षेत्रमा रहेका ठूला विज्ञापन बोर्ड अन्यत्र स्थानान्तरण गर्ने काम भइरहेको छ ।

निर्माणस्थलको नेतृत्व गरिरहेका स्थानीय पर्यटन व्यवसायी रामबहादुर तामाङले यो पूर्वी नाकाको दीर्घकालीन आवश्यकता रहेको बताए। उनले स्थानीय समुदायको आर्थिक सहयोग र श्रमदानसमेत भएकाले परियोजनाप्रति अपनत्व बढ्ने र यसको दिगोपना सुनिश्चित हुने विश्वास व्यक्त गरे । उनका अनुसार लामो समयदेखि सीमामा आकर्षक पर्यटकीय संरचना आवश्यक रहेको आवाज उठाउँदै आइएको थियो। अहिले त्यो आवश्यकता पूरा हुने चरणमा पुगेको भन्दै उनले संरचना निर्माण सम्पन्न भएपछि काँकडभिट्टा प्रवेश गर्नेबित्तिकै पर्यटकले नेपाल आएको फरक र सुखद अनुभूति गर्ने विश्वास व्यक्त गरे ।

पूर्वी नाका हुँदै प्रत्येक वर्ष हजारौँ विदेशी पर्यटक नेपाल भित्रिने गरेका छन् । निर्माणाधीन नयाँ पर्यटकीय संरचनाले काँकडभिट्टाको स्वरूप परिवर्तन गर्नुका साथै पूर्वी नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास स्थानीय पर्यटन व्यवसायीहरूले गरेका छन् ।

यससँगै पर्यटन कार्यालयले झापा, इलाम, पाँचथर र ताप्लेजुङलाई कार्यक्षेत्र बनाएर सीमा पर्यटन, पर्यापर्यटन, फोटो प्रदर्शनी, होमस्टे प्रवर्द्धन तथा होटल र ट्राभल एजेन्सीहरूको क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

---

# ट्राफिकले तिरायो मुख्यमन्त्रीलाई जरिवाना



**दमक/** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह ट्राफिक कारबाहीमा परेका छन् । ट्राफिक अधिकारीले मुख्यमन्त्री निवासमै पुगेर चीट काटेका छन् । शाहलाई थमाइएको चीटमा 'हेल्मेट नलगाई सवारी चलाएको' कसुर उल्लेख गरिएको छ । शाहलाई ५०० रूपैयाँ जरिवाना गरिएको छ । बिना हेलमेट मोटरसाइकल चलाएको कसुरमा आफ्नो निवास परिसरमा नै पुगेर चिट दिएको शाहले बताए । हेलमेट नलगाइ बुलेट बाइक चलाएको भिडिओ सामाजिक सञ्जालमा सार्वजनिक भएसँगै चौतर्फी आलोचना भएको थियो ।

पत्रकारमाझ शाहले आफूले ट्राफिक नियम उल्लङ्घन गरेको स्वीकार गर्दै नियमअनुसार कारबाही गर्न स्वयं ट्राफिक प्रहरीलाई आग्रह गरेको बताए ।

उनले भने, 'म ट्राफिक प्रहरीलाई धन्यवाद दिन्छु । कानुन सबैका लागि समान हुनुपर्छ । ठूला व्यक्तिलाई कानुन नलाग्ने भन्ने हुँदैन । कानुनले गरेको व्यवस्था अनुसार सबैले कारबाही भोग्नुपर्छ ।'

पद वा हैसियतका आधारमा कानुन कार्यान्वयनमा कुनै भेदभाव हुन नहुने उल्लेख गर्दै ट्राफिक नियमको पालना गर्न सबै नागरिकलाई शाहले आग्रह गरे ।

मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिव प्रयागराज खनालले आफ्नो टिकटकबाट शाहले हेल्मेटबिना बाइक चलाएको भिडिओ सार्वजनिक गरेका थिए ।

---

## स्वास्थ्य

# आँपले स्वास्थ्यमा गर्ने फाइदा के पकाइएका आँप हानिकारक हुन्छन् ?




**दमक/** आँपमा प्रशस्त मात्रामा भिटामिन, खनिज तत्व र फाइबर पाइन्छ । यसले पाचन प्रक्रियालाई सहज बनाउन मद्दत गर्नुका साथै शरीरलाई आवश्यक पोषक तत्त्व प्रदान गर्छ । आँपमा प्राकृतिक चिनीको मात्रा हुने भएकाले अत्यधिक सेवनले रगतमा ग्लुकोजको स्तर बढाउन सक्छ । आँपको जुस, म्याङ्गो लस्सी वा अन्य परिकार बनाएर पनि सेवन गर्न सकिन्छ । पछिल्लो समय आँपलाई लामो समय फ्रिजमा राखेर खाने चलन पनि बढ्दै गएको र त्यसरी खाँदा पनि यसले खासै हानी गर्दैन ।

बालबालिकाले आँप निकै रूचाउने भए पनि गुलियोको मात्रा धेरै हुने भएकाले खानाकै रूपमा खुवाउन मिल्दैन । 'आँप धेरै खाएको छ अब खाना कम दिनुपर्छ भन्ने हुँदैन त्यसो गर्दा बच्चालाई चाहिने प्रोटिन नपुग्न सक्छ र बच्चा कमजोर हुन जान्छ ।

### सावधानी उत्तिनै आवश्यक

यतिबेला बजारमा आँपको किनबेच निकै बढेको छ । वर्षायामको स्वादिलो र पौष्टिक फलका रूपमा चिनिने आँपलाई फलफूलको राजा पनि मानिन्छ । बालबालिकादेखि लिएर प्रायः सबै उमेर समूहलाई आँप मन पर्छ । भिटामिन, खनिज तत्त्व र फाइबरको राम्रो स्रोत भएकाले आँप स्वास्थ्यका लागि लाभदायक मानिन्छ । तर, मात्रा नमिलाएर सेवन गर्दा यसले स्वास्थ्यमा समस्या पनि निम्त्याउन सक्ने चिकित्सक बताउँछन् ।

पोषणविद् डा. भूपाल बानियाँका अनुसार सामान्यतया स्वस्थ व्यक्तिले दिनमा एकदेखि दुई वटा तथा बढीमा तीनवटासम्म आँप खान सक्छन् । तर अत्यधिक मात्रामा आँप सेवन गर्दा रगतमा चिनीको मात्रा बढ्न सक्ने भएकाले मधुमेहका बिरामीले विशेष सावधानी अपनाउनुपर्ने उनको सुझाव छ ।

पोषणविद् बानियाँले बजारमा पाइने केही आँप कृत्रिम रूपमा पकाइएका हुनसक्ने भएकाले उपभोक्ताले सतर्कता अपनाउनुपर्ने बताए । प्राकृतिक रूपमा पाकेको आँपको स्वाद र सुगन्ध फरक हुने उल्लेख गर्दै उनले रासायनिक पदार्थ प्रयोग गरी पकाइएका आँपको अत्यधिक सेवनले दीर्घकालीन रूपमा स्वास्थ्यमा असर पार्न सक्ने बताए ।

कृत्रिम रूपमा पकाइएका फलफूलले केही व्यक्तिमा छालासम्बन्धी एलर्जी, बिमिरा आउने, पेटको समस्या देखिने लगायतका असर निम्त्याउन सक्ने उनको भनाइ छ ।

## रोचक जानकारी

१, आफू हिंड्ने बाटो आफैँले खन्नुपर्छ । होइन भने हराउन सक्ने सम्भावना निकै रहन्छ । त्यसैले अरूले खनेको बाटो समातेर हराउनुभन्दा बाटो नभएको स्थानमा गएर प्रभाव छाड्ने प्रयास गर्नु नै बुद्धिमानी मानिन्छ ।
***–इमर्सन***

२, नारी उत्थानका लागि नारीहरूले नै जाग्नुपर्ने अवस्था आएको छ । उनीहरूको जागृत सहभागिता र सचेत उत्साह विना समाजमा आधारभूत क्रान्ति सम्भव हुँदैन ।
***–मदनमणि दीक्षित***

३, पाइलै नचाल्नुभन्दा गलत पाइला चाल्नु राम्रो हो किनभने एउटा गलत पाइला चाल्नु पनि एक पाइलो अघि बढ्नु हो । सफलताताको रहश्य भनेकै उद्देश्यमाथि ध्यान केन्द्रित गर्नु हो ।
***–थोमस एल्वाएडिसन***

४, फूलको सुगन्ध हावा बगेको तर्फमात्र फैलिन सक्छ तर मान्छेले गरेको असल कामको सुगन्ध चारैतिर फैलिन्छ । त्यसैले सही सुगन्ध त्यो हो, जो सर्वत्र फैलिन सक्छ ।
***–आचार्य चाणक्य***

५, भनिन्छ केही पाउनका लागि केही गुमाउनुपर्छ तर त्योभन्दा बढी जीवनमा केही पाउनु छ भने आफूमा दृढ विश्वास र शुद्ध प्रेम अत्यावश्यक हुन्छ ।
***–सत्यसाई बाबा***

---

## विश्वकप विशेष

# बोस्नियालाई हराउँदै अमेरिका अन्तिम १६ मा



**दमक/** फिफा विश्वकप २०२६ अन्तर्गत सह–आयोजक अमेरिकाले बोस्निया–हर्जगोभिनालाई २–० ले पराजित गर्दै अन्तिम १६ मा स्थान बनाएको छ । एक खेलाडी कम भएर पनि अमेरिकाले उत्कृष्ट प्रदर्शन गर्दै नकआउट चरणको यात्रा जारी राखेको हो । अमेरिकाको जितमा फोलारिन बालोगन र मालिक टिलम्यानले एक–एक गोल गरे। बालोगनले पहिलो हाफमा गोल गरे पनि दोस्रो हाफमा रातो कार्ड पाएपछि अमेरिका १० खेलाडीमा सीमित भएको थियो ।

खेलको ४५औँ मिनेटमा टिम रिमले मध्यभागमा विपक्षीको गोलकिक रोकेपछि मालिक टिलम्यानको पासमा बालोगनले बायाँ खुट्टाले सुन्दर गोल गर्दै अमेरिकालाई अग्रता दिलाए । यो विश्वकपमा उनको तेस्रो गोल थियो । तर ६४औँ मिनेटमा तारिक मुहरेमोभिचमाथि फाउल गरेपछि बालोगनले रातो कार्ड पाए र अमेरिका बाँकी समय १० खेलाडीमा खेल्न बाध्य बन्यो ।

संख्यात्मक रूपमा कमजोर बने पनि अमेरिकाले दबाब झेल्दै खेल नियन्त्रणमा राख्यो। ८२औँ मिनेटमा बक्सबाहिरबाट प्राप्त फ्रिकिकमा टिलम्यानले प्रहार गरेको बल गोलकिपर निकोला भासिल्जको हातमा लाग्दै जाली चुमेपछि अमेरिकाले २–० को सुरक्षित अग्रता बनायो । यस जितसँगै अमेरिकाले अन्तिम १६ मा सोमबार सिएटलमा बेल्जियमको सामना गर्नेछ ।

विश्वकप इतिहासमा अमेरिकाको नकआउट चरणमा यो केवल दोस्रो जित हो। सन् २००२ मा मेक्सिकोलाई हराउँदै अन्तिम १६ पार गरेको अमेरिकाले त्यसपछि पहिलो पटक नकआउट चरणमा विजय हासिल गरेको हो ।

बालोगन खेलभरि अमेरिकाका सबैभन्दा खतरनाक खेलाडी बने। उनले एक गोल अफसाइडका कारण गुमाए भने अन्य केही अवसरमा पनि गोलको नजिक पुगेका थिए ।

उनको विश्वकपमा गोल संख्या तीन पुगेको छ । अब उनी सन् १९३० मा बर्ट प्याटेनाउडले एकै विश्वकपमा अमेरिकाका लागि बनाएको चार गोलको कीर्तिमानभन्दा केवल एक गोलले पछाडि छन् । गोल गरेपछि बालोगनले प्रसिद्ध बास्केटबल खेलाडी लेब्रोन जेम्सको 'साइलेन्सर' शैलीमा उत्सव मनाएका थिए, जसले सामाजिक सञ्जालमा पनि चर्चा बटुल्यो । बोस्निया–हर्जगोभिनाले भने दोस्रो विश्वकप सहभागितामै नकआउट चरण पुगेर सकारात्मक छाप छोड्यो । समूह चरणमा क्यानडासँग बराबरी र कतारमाथि जित निकाल्दै टोली पहिलो पटक नकआउट चरणमा पुगेको थियो । तर अमेरिकाविरूद्धको हारसँगै बोस्निया–हर्जगोभिनाको विश्वकप यात्रा अन्त्य भएको छ ।

## मनोरञ्जन

# को होला उत्कृष्ट गायिका ?



**दमक/** 'भाषा, साहित्य कला संस्कृतिका सर्जकको सम्मान, हाम्रो एक अभियान' भन्ने मूल नाराका विगत पाँच वर्षदेखि आयोजना हुँदै आएको हिमालयन अन्तर्राष्ट्रिय अवार्डको छैटौँ संस्करण हुँदैछ ।

आगामी साउन ३ गते (१९ जुलाई)मा सिक्किमको याङ्याङमा विशेष समारोहबिच हुन गइरहेको अवार्डको संयोजक गीता अधिकारी रहेकी छन् । अवार्डमा आधुनिक, पप, लोकदोहोरी गीत लगायतलाई समावेश गरिएको छ । निता आचार्य, समीक्षा अधिकारी, सारिका घिमिरे, पवित्रा गुरूङ र बविता भट्टराईबिच उत्कृष्ट गायिकाको प्रतिस्पर्धा हुने भएको छ । छैटौँ संस्करणको हिमालयन अन्तर्राष्ट्रिय अवार्डको उत्कृष्ट पाँच आधुनिक गीत गायिकाको मनोनयनमा यी गायिका अटाएका हुन् । गायकतर्फ भने रोशन टमट्टा, सुरज श्रेष्ठ, झलक विवश, सुरेश लामा, सौगातजंग थापा रहेका छन् ।

अवार्ड समारोहमा नेपाली गीत संगितमा विगत लामो समयदेखि योगदान पुर्याएका विशिष्ट साधकलाई दीर्घ साधना सम्मान अर्पण गरिने, गीत सङ्गीतको क्षेत्रमा विशिष्ट योगदान पुर्याउने संगितकर्मीलाई विशेष सम्मान गरिने साथै कला क्षेत्रमा कलम चलाउने पत्रकारलाई समेत सम्मान गरिने अवार्डका अध्यक्ष गणेश सवेदीले जानकारी दिए ।

---

## दैनिक राशिफल

आज मिति
२०८३ साल
असार १९ गते
शुक्रबार
3 July, 2026
तिथि: तृतीया



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे लो ला लि लँ ले लो अ): मानसम्मान प्राप्त हुने आम्दानी बढ्न सक्ने ।

**वृष** (इ उ ए ओ वा वि वु वे वो): खर्च बढ्ने कार्यमा ढिलाई ।

**मिथुन** (का कि कु घ ङ छ के को हा): आफ्नो प्रतिभा बढ्ने आफन्तबाट सहयोग ।

**कर्कट** (हि हु हे हो डा डि डु डे डो): नोकरीको अवसर धर्ममा मन लाग्ने ।

**सिंह** (मा मि मु मे मो टा टि टु टे): अध्ययनमा सफलता राजा पक्षबाट सहयोग ।

**कन्या** (टो प पी पँ ष ण ठ पे पो): पढाईमा मन लाग्ने व्यापारबाट लाभ ।

**तुला** (रा री रु रे रो ता ती तु ते): साहसिक काम गर्ने दिन मावलीबाट सहयोग ।

**वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): शैक्षिक मार्गमा सफल आफन्तको सहयोग ।

**धनु** (य यो भा भी भ धा फा ढ भे): शेयर बजारमाबाट लाभ पियजनसँग विवाद ।

**मकर** (भो जा जी खि खू खे खो गा गी): शत्रु लाग्न सक्ने सामान्य लाभ ।

**कुम्भ** (गँ गे गो सा सी सँ से सो द): जिवन साथीबाट सहायेग कारोबारमा सफलता ।

**मीन** (दि दु थ झ ञ दे दो चा ची): आयमा बृद्धि मान्यजनको सहयोग ।

